कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: १०५/८२
दर्ता मिति: २०८२/१२/२

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

# पुनर्बीमकको लगानी (पहिलो संशोधन) निर्देशन, २०८०

**स्वीकृत मिति**: २०८०।०९।०५

**प्रस्तावना**: पुनर्बीमकको लगानी निर्देशन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिले देहायका निर्देशनहरु जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस निर्देशनको नाम "पुनर्बीमकको लगानी (पहिलो संशोधन) निर्देशन, २०८०" रहेको छ ।

(२) यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **पुनर्बीमकको लगानी निर्देशन, २०७९ को क्र.सं. १.१ मा संशोधन:**

(१) पुनर्बीमकको लगानी निर्देशन, २०७९ (यस पछि मूल निर्देशन भनिएको) को क्र.सं. १.१ (७) को लगानीको क्षेत्र महलमा रहेका "साधारण शेयर" भन्ने शब्दहरुको सट्टा "शेयर" भन्ने शब्द राख्ने ।

(२) मूल निर्देशनको क्र.सं. १.१ (७) लगानीको शर्त महलमा रहेका "पाँच प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पन्ध्र प्रतिशत" भन्ने शब्दहरु राख्ने।

(३) मूल निर्देशनको क्र.सं. १.१ (१२) थप : क्र.सं. १.१ (११) पछि पछि देहाय बमोजिमको व्यवस्था थप गर्ने :-

| क्र.सं. | लगानीको क्षेत्र | लगानीको सीमा | लगानीको शर्त |
|---|---|---|---|
| १.१२ | विशिष्टीकृत लगानी कोष नियमावली बमोजिम धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्ड | कुल लगानीको बढीमा एक दशमलव पाँच प्रतिशत | एकै फण्डमा बढीमा एक प्रतिशत सम्म लगानी गर्न सकिने । |

३. क्र.सं. १.१० को लगानीको क्षेत्र महलमा रहेका "बीमकले सहायक कम्पनी, घरजग्गा व्यवसाय, कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा, स्वास्थ्य क्षेत्र र सेवामूलक क्षेत्रमा लगानी गर्नु पूर्वप्राधिकरणको स्वीकृति लिनु पर्नेछ" भन्ने शब्दहरुको सट्टामा "बीमकले सहायक कम्पनी, घरजग्गा व्यवसाय, कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा, स्वास्थ्य क्षेत्र, सेवामूलक क्षेत्र, विशिष्टीकृत लगानी कोष नियमावली बमोजिम धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्डमा लगानी गर्नु पूर्व, निर्देशनमा उल्लख भए भन्दा अन्य क्षेत्रमा लगानी गर्नु पूर्व तथा निर्देशनमा तोकिएको सीमा भन्दा बढी लगानी गर्नु पूर्व प्राधिकरणको अनिवार्य स्वीकृति लिनु पर्नेछ" भन्ने व्यवस्था थप गर्ने ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

**निर्देशन नं.: पुनर्बीमा/०१**

**जारी मितिः २०७९/०८/२०**

१.१ **लगानीको क्षेत्र र सीमाः** पुनर्बीमा व्यवसाय गर्ने बीमकले लगानी गर्नुपर्ने लगानीको क्षेत्र र सीमा देहाय बमोजिम बमोजिम हुनेछः-

| क्र.सं. | लगानीको क्षेत्र | लगानीको सीमा | लगानीको शर्त | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा नेपाल राष्ट्र बैंकको वचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त वचतपत्र वा ऋणपत्र | कुल लगानीको कम्तीमा बीस प्रतिशत सम्म | - | यस खण्डमा उल्लेख भएको सीमा अनुरूप लगानी गर्न नसक्ने अवस्था आइपरेमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक वा पूर्वधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गर्नुपर्ने । |
| २. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक तथा पूर्वाधार विकास बैंकको मुद्दति निक्षेप | कुल लगानीको कम्तीमा तीस प्रतिशत सम्म | कम्तीमा पाँच बर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको बैंकमा कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म ।<br>तर सञ्चालनमा आएको पाँच वर्ष नपुगेका बैंकमा कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म मात्र एउटै बैंकमा लगानी गर्न सकिने । | |
| ३. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा राखिएको मुद्दति निक्षेप | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | कम्तीमा पाँच बर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा पाँच प्रतिशतसम्म र सञ्चालनमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | आएको पाँच वर्ष नपुगेका "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय सँस्थामा लगानी गर्न सकिने । | |
| ४. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ग" वर्गको बैंक तथा वित्तीय सस्थामा राखिएको मुद्‌दती निक्षेप | कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म | कम्तीमा पाँच बर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ग" वर्गको बैंङ्क तथा वित्तीय संस्थामामा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म र सञ्चालनमा आएको पाँचवर्ष नपुगेका "ग" वर्गको बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा एक प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय सस्थामा लगानी गर्न सकिने । | |
| ५. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गको बैंक तथा वित्तीय सँस्थाको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), बन्ड, डिबेन्चर र ऋणपत्र | कुल लगानीको बढीमा बीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ६. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको बन्ड, डिवेन्चर र ऋणपत्र | कुल लगानीको बढीमा बीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ७. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | शेयर लगानी गरिने कम्पनीको चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न | |

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| | | | | |
|---|---|---|---|---|
| | विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर | | नपाइने । | |
| ८. | नागरिक लगानी कोष तथा म्युचुअल फण्डका लगानी योजनाहरू | कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म | कुल लगानीको एक प्रतिशत भन्दा बढी रकम एउटै योजनामा लगानी गर्न नपाइने । | |
| ९. | घरजग्गा ब्यवसाय | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | • शहरी विकास र व्यवस्थित बसोबासलाई प्रोत्साहन गर्ने उद्देश्यले नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति प्राप्त निर्माणाधिन वा निर्माण हुने संयुक्त वा सामूहिक आवास योजनामा लगानी गर्नुपर्ने,<br>• एउटै क्षतिले एक लगानी गरिएको बाहेक अर्कोलाई असर पार्ने वा एउटै इकाइको रुपमा मानिने गरी नजिकै रहेका (क्लोज प्रोक्सिमिटी) घरजग्गामा लगानीको दुई दशमलव पाँच प्रतिशत भन्दा बढी लगानी गर्न नपाईने । | |
| १०. | कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा र स्वास्थ्य क्षेत्र | कुल लगानीको दश प्रतिशत सम्म | एउटै परियोजनामा कुल लगानी रकमको पाँच प्रतिशत भन्दा बढी लगानी गर्न नपाइने । | • दोस्रो बजारबाट खरीद गरेको पुँजी यस क्षेत्रमा गरिएको लगानीमा उल्लेख गर्न नपाइने,<br>• लगानी गरिने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने । |
| ११. | इन्भेष्टमेन्ट कम्पनीको शेयर | कुल लगानीको पाँच प्रतिशत सम्म | | • लगानी गरिने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने । |

१.२ **लगानी गर्न नपाउने**: बीमकले निर्देशन नं. १.१ मा तोकिएको क्षेत्रभन्दा बाहेक हुनेगरी लगानी गर्न पाउनेछैन ।

१.३ **सहायक कम्पनीमा लगानी**: बीमकले देहाय बमोजिमका क्षेत्रहरूमा सहायक कम्पनीमा लगानी गर्न सक्नेछः-

(क) धितोपत्र सम्बन्धी कानुन बमोजिम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त पब्लिक लिमिटेड कम्पनी

(ख) कृषि उत्पादन तथा वितरण,

(ग) शीत भण्डार गृह

(घ) जलविद्युत, सौर्य उर्जा लगायत नवीकरणीय उर्जा परियोजना, विद्युत प्रसारण लाइन,

(ङ) शिक्षा र स्वास्थ्य क्षेत्र,

(च) लगानी कम्पनी ।

१.४ **लगानीको मूल्याङ्कनः** घरजग्गा व्यवसायमा रहेको लगानीलाई कम्तीमा प्रत्येक तीन वर्षमा एकपटक मूल्याङ्कन गर्नुपर्नेछ ।

१.५ **लगानीको सीमा कायम गर्नुपर्नेः** (१) बीमकले यस निर्देशन अनुरूप कुल लगानीको आधारमा कायम गर्नुपर्ने लगानीको सीमा प्रत्येक दिन कायम गर्नुपर्नेछ ।

(२) कुनै कारणले मूल्य घटबढ भई वा प्रिएम्टिभ राइट वा गाभ्ने तथा गाभिने प्रक्रियाका कारणले सम्पतिको मूल्यले यस निर्देशनमा उल्लेख भएको न्यूनतम भन्दा कम र उच्चतम भन्दा बढी लगानी भएको देखिन आएमा त्यसरी सीमा नाघेको तीस कार्यदिन भित्र त्यस्तो लगानीलाई सीमा भित्र ल्याई सक्नु पर्नेछ ।

तर, मुद्दति निक्षेप वा डिबेन्चरमा गरिएको लगानी परिपक्व नभएसम्म सो रकम बराबरको लगानी यस निर्देशन बमोजिम भएको मानिनेछ ।

१.६ **लगानी गर्न सकिने बैंक वा वित्तीय संस्थाः** बीमकले बैंक तथा वित्तीय सँस्थामा लगानी गर्दा कम्तीमा देहायको शर्त पालना गरेको हुनुपर्नेछ ।

(क) नेपाल राष्ट्र बैंकले तोकेको पूँजीकोष कायम गरेको,

(ख)नेपाल राष्ट्र बैंकले तोकेको सीमाभन्दा बढी निष्कृय कर्जा नरहेको,

(ग)नेपाल राष्ट्र बैंकबाट शीघ्र सुधारात्मक कारबाहीमा नपरेको ।

१.७ **लगानी नीति तयार गर्नुपर्नेः** बीमकले यस निर्देशनको अधिनमा रही लगानी नीति तयार गर्नुपर्नेछ र उक्त लगानी नीतिमा

कम्तीमा देहायका विषयहरू खुलाइएको हुनुपर्नेछः-

(क) बीमकको लगानीमा रहन सक्ने अन्तर्निहित जोखिम र सोको व्यवस्थापन,

(ख) सम्पत्ति दायित्व तथा तरलता व्यवस्थापन,

(ग) लगानी गर्ने सम्बन्धमा प्रक्रियागत व्यवस्था,

(घ) अख्तियार प्रत्यायोजन,

(ङ) लगानीसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणाली,

(च) लगानीका सम्बन्धमा सञ्चालक समिति तथा उच्च व्यवस्थापन सक्षम पेश गर्नुपर्ने प्रतिवेदन,

(छ) बीमकले आवश्यक ठानेका अन्य विषय ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

१.८ **लगानी गर्न नपाइने:** बीमकले यस निर्देशनमा उल्लेख भएको क्षेत्र तथा सीमा भन्दा बढी हुने गरी लगानी गर्न पाउने छैन ।

१.९ **लगानीको अवधि:** (१) बीमकले लगानी गर्दा बीमा सम्बन्धी दायित्वको अवधिलाई ख्याल गरी लगानी गर्नुपर्नेछ ।

(२) उपनिर्देशन (१) बमोजिम लगानी गर्दा भुक्तानी गर्न बाँकी दावी बराबरको रकम दुईवर्ष वा सोभन्दा कम अवधिको मुद्दति निक्षेपमा लगानी गरेको हुनुपर्नेछ ।

१.१० **स्वीकृति लिनु पर्ने:** बीमकले सहायक कम्पनी, घरजग्गा व्यवसाय, कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी गर्नु पूर्व प्राधिकरणको स्वीकृति लिनु पर्नेछ ।

१.११ **एअरमार्क गर्नुपर्ने:** बीमकले आफ्नो कोषमा रहेको रकमहरुमध्ये नेपाल राष्ट्र बैंकबाट इजाजत पत्रप्राप्त बैंक तथा वित्तीय संस्था र पूर्वाधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गरेको रकम प्राधिकरणको नाममा एअरमार्क गर्नुपर्नेछ ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

# निर्जीवन बीमकको लगानी (पहिलो संशोधन) निर्देशन, २०८०

**स्वीकृत मितिः** २०८०।०९।०५

**प्रस्तावनाः** निर्जीवन बीमकको लगानी निर्देशन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिले देहायका निर्देशनहरु जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशनको नाम "निर्जीवन बीमकको लगानी (पहिलो संशोधन) निर्देशन, २०८०" रहेको छ ।

(२) यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **निर्जीवन बीमकको लगानी निर्देशन, २०७९ को क्र.सं. १.१ मा संशोधनः**

(१) निर्जीवन बीमकको लगानी निर्देशन, २०७९ (यस पछि मूल निर्देशन भनिएको) को क्र.सं. १.१ (७) को लगानीको क्षेत्र महलमा रहेका "साधारण शेयर" भन्ने शब्दहरुको सट्टा "शेयर" भन्ने शब्द राख्ने ।

(२) मूल निर्देशनको क्र.सं. १.१ (७) लगानीको शर्त महलमा रहेका "पँच प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पन्ध्र प्रतिशत" भन्ने शब्दहरु राख्ने ।

(३) मूल निर्देशन को क्र.सं. १.१ (१२) थपः क्र.सं. १.१ (११) पछि देहाय बमोजिमको व्यवस्था थप गर्ने :-

| क्र.सं. | लगानीको क्षेत्र | लगानीको सीमा | लगानीको शर्त |
|---|---|---|---|
| १.१२ | विशिष्टीकृत लगानी कोष नियमावली बमोजिम धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्ड | कुल लगानीको बढीमा एक दशमलव पाँच प्रतिशत | एकै फण्डमा बढीमा एक प्रतिशत सम्म लगानी गर्न सकिने । |

३. क्र.सं. १.१० को लगानीको क्षेत्र महलमा रहेका "बीमकले सहायक कम्पनी, घरजग्गा व्यवसाय, कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा, स्वास्थ्य क्षेत्र र सेवामूलक क्षेत्रमा लगानी गर्नु पूर्वप्राधिकरणको स्वीकृति लिनु पर्नेछ" भन्ने शब्दहरुको सट्टामा "बीमकले सहायक कम्पनी, घरजग्गा व्यवसाय, कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा, स्वास्थ्य क्षेत्र, सेवामूलक क्षेत्र, विशिष्टीकृत लगानी कोष नियमावली बमोजिम धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्डमा लगानी गर्नु पूर्व, निर्देशनमा उल्लख भए भन्दा अन्य क्षेत्रमा लगानी गर्नु पूर्व तथा निर्देशनमा तोकिएको सीमा भन्दा बढी लगानी गर्नु पूर्व प्राधिकरणको अनिवार्य स्वीकृति लिनु पर्नेछ" भन्ने व्यवस्था थप गर्ने ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

**निर्देशन नं.: निर्जीवन बीमा/०१**

**जारी मितिः २०७९/०८/२०**

१.१ **लगानीको क्षेत्र र सीमाः** निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले लगानी गर्नुपर्ने लगानीको क्षेत्र र सीमा देहाय बमोजिम बमोजिम हुनेछः-

| क्र.सं. | लगानीको क्षेत्र | लगानीको सीमा | लगानीको शर्त | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा नेपाल राष्ट्र बैंकको वचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त वचतपत्र वा ऋणपत्र | कुल लगानीको कम्तीमा बीस प्रतिशत सम्म | - | यस खण्डमा उल्लेख भएको सीमा अनुरूप लगानी गर्न नसक्ने अवस्था आइपरेमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक वा पूर्वाधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गर्नुपर्ने । |
| २. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक तथा पूर्वाधार विकास बैंकको मुद्दति निक्षेप | कुल लगानीको कम्तीमा तीस प्रतिशत सम्म | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको बैंकमा कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म ।<br>तर, सञ्चालनमा आएको पाँच वर्ष नपुगेका बैंकमा कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म मात्र एउटै बैंकमा लगानी गर्न सकिने । | |
| ३. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको बैंड्क तथा वित्तीय संस्थामा राखिएको मुद्दति निक्षेप | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | कम्तीमा पाँच बर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ख" वर्गको बैंड्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा पाँच प्रतिशतसम्म र सञ्चालनमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | आएको पाँच वर्ष नपुगेका "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय संस्थामा लगानी गर्न सकिने । | |
| ४. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ग" वर्गको बैंक तथा वित्तीय संस्थामा राखिएको मुद्दती निक्षेप | कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ग" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म र सञ्चालनमा आएको पाँच वर्ष नपुगेका "ग" वर्गका बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा एक प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय संस्थामा लगानी गर्न सकिने । | |
| ५. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गको बैंक तथा वित्तीय संस्थाको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), बन्ड, डिबेन्चर र ऋणपत्र | कुल लगानीको बढीमा बीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ६. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको बन्ड, डिबेन्चर र ऋणपत्र | कुल लगानीको बढीमा बीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ७. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | शेयर लगानी गरिने कम्पनीको चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न | |

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| | | | | |
|---|---|---|---|---|
| | विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर | | नपाइने । | |
| ८. | नागरिक लगानी कोष तथा म्युचुअल फण्डका लगानी योजनाहरू | कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म | कुल लगानीको एक प्रतिशत भन्दा बढी रकम एउटै योजनामा लगानी गर्न नपाइने । | |
| ९. | घरजग्गा ब्यवसाय | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | • शहरी विकास र व्यवस्थित बसोबासलाई प्रोत्साहन गर्ने उद्देश्यले नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति प्राप्त निर्माणाधिन वा निर्माण हुने संयुक्त वा सामूहिक आवास योजनामा लगानी गर्नुपर्ने ।<br>• एउटै क्षतिले एक लगानी गरिएको बाहेक अर्कोलाई असर पार्ने वा एउटै इकाइको रुपमा मानिने गरी नजिकै रहेका (क्लोज प्रोक्सिमिटी) घरजग्गामा लगानीको दुई दशमलव पाँच प्रतिशत भन्दा बढी लगानी गर्न नपाईने । | |
| १०. | कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा र स्वास्थ्य क्षेत्र | कुल लगानीको दश प्रतिशत सम्म | एउटै परियोजनामा कुल लगानी रकमको पाँच प्रतिशत भन्दा बढी लगानी गर्न नपाइने । | • दोस्रो बजारबाट खरीद गरेको पूँजी यस क्षेत्रमा गरिएको लगानीमा उल्लेख गर्न नपाइने ।<br>• लगानी गरिने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने । |
| ११. | इन्भेष्टमेन्ट कम्पनीको शेयर | कुल लगानीको पाँच प्रतिशत सम्म | | • लगानी गरिने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने । |

१.२ **<u>लगानी गर्न नपाइने</u>:** बीमकले निर्देशन नं. १.१ मा तोकिएको क्षेत्रभन्दा बाहेक हुने गरी लगानी गर्न पाइनेछैन ।

१.३ **सहायक कम्पनीमा लगानी:** बीमकले देहाय बमोजिमका क्षेत्रहरूमा सहायक कम्पनीमा लगानी गर्न सक्नेछः-

(क) धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त पब्लिक लिमिटेड कम्पनी,

(ख) कृषि उत्पादन तथा वितरण,

(ग) शीत भण्डार गृह,

(घ) जलविद्युत, सौर्य उर्जा लगायत नवीकरणीय उर्जा परियोजना, विद्युत प्रसारण लाइन,

(ङ) शिक्षा र स्वास्थ्य,

(च) लगानी कम्पनी ।

१.४ **<u>लगानीको मूल्याङ्कन</u>:** घरजग्गा व्यवसायमा रहेको लगानीलाई कम्तीमा प्रत्येक तीन वर्षमा एकपटक मूल्याङ्कन गर्नुपर्नेछ ।

१.५ **<u>लगानीको सीमा कायम गर्नुपर्ने</u>:** (१) बीमकले यस निर्देशन अनुरूप कुल लगानीको आधारमा कायम गर्नुपर्ने लगानीको सीमा प्रत्येक दिन कायम गर्नुपर्नेछ ।

(२) कुनै कारणले मूल्य घटबढ भई वा प्रिएम्टिभ राइट वा गाभ्ने तथा गाभिने प्रक्रियाका कारणले सम्पतिको मूल्यले यस निर्देशनमा उल्लेख भएको न्यूनतम भन्दा कम र उच्चतम भन्दा बढी लगानी भएको देखिन आएमा त्यसरी सीमा नाघेको तीस कार्यदिन भित्र त्यस्तो लगानीलाई सीमाभित्र ल्याई सक्नु पर्नेछ ।

तर, मुद्दति निक्षेप वा डिबेन्चरमा गरिएको लगानी परिपक्व नभएसम्म सो रकम बराबरको लगानी यस निर्देशन बमोजिम भएको मानिनेछ ।

१.६ **<u>लगानी गर्न सकिने बैंक वा वित्तीय संस्था</u>:** बीमकले बैंक तथा वित्तीय संस्थामा लगानी गर्दा कम्तीमा देहायको शर्त पालना गरेको हुनुपर्नेछ ।

(क) नेपाल राष्ट्र बैंकले तोकेको पूँजीकोष कायम गरेको,

(ख) नेपाल राष्ट्र बैंकले तोकेको सीमाभन्दा बढी निष्कृय कर्जा नरहेको,

(ग) नेपाल राष्ट्र बैंकबाट शीघ्र सुधारात्मक कारबाहीमा नपरेको

१.७ **<u>लगानी नीति तयार गर्नुपर्ने</u>:** बीमकले यस निर्देशनको अधिनमा रही लगानी नीति तयार गर्नुपर्नेछ र उक्त लगानी नीतिमा

कम्तीमा देहायका विषयहरू खुलाइएको हुनुपर्नेछ ।

(क) बीमकको लगानीमा रहन सक्ने अन्तर्निहित जोखिम र सोको व्यवस्थापन,

(ख) सम्पत्ति दायित्व तथा तरलता व्यवस्थापन,

(ग) लगानी गर्ने सम्बन्धमा प्रक्रियागत व्यवस्था,

(घ) अख्तियार प्रत्यायोजन,

(ङ) लगानीसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणाली,

(च) लगानीका सम्बन्धमा सञ्चालक समिति तथा उच्च व्यवस्थापन सक्षम पेश गर्नुपर्ने प्रतिवेदन,

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

(छ) बीमकले आवश्यक ठानेका अन्य विषय ।

१.८ **लगानी गर्न नपाइने:** बीमकले यस निर्देशनमा उल्लेख भएको क्षेत्र तथा सीमाभन्दा बढी हुने गरी लगानी गर्न पाउने छैन ।

१.९ **लगानीको अवधि:** (१) बीमकले लगानी गर्दा बीमा सम्बन्धी दायित्वको अवधिलाई ख्याल गरी लगानी गर्नुपर्ने छ ।

(२) उपनिर्देशन (१) बमोजिम लगानी गर्दा भुक्तानी गर्न बाँकी दाबी बराबरको रकम दुई वर्ष वा सो भन्दा कम अवधिको मुद्दति निक्षेपमा लगानी रहेको हुनुपर्नेछ ।

१.१० **स्वीकृति लिनुपर्ने:** बीमकले सहायक कम्पनी, घरजग्गा व्यवसाय, कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी गर्नु पूर्व प्राधिकरणको स्वीकृति लिनु पर्नेछ ।

१.११ **एअरमार्क गर्नुपर्ने:** बीमकले आफ्नो कोषमा रहेको रकमहरूमध्ये नेपाल राष्ट्र बैंकबाट इजाजत पत्रप्राप्त बैंक तथा वित्तीय संस्था र पूर्वाधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गरेको रकम प्राधिकरणको नाममा एअरमार्क गर्नुपर्नेछ ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

निर्देशन नं.: जीवनबीमा/०१

जारी मितिः २०७९/०८/२०

१.१ **लगानीको क्षेत्र र सीमाः** जीवन बीमा व्यवसाय गर्ने बीमकले लगानी गर्नुपर्ने लगानीको क्षेत्र र सीमा देहाय बमोजिम बमोजिम हुनेछः-

| क्र.सं. | लगानीको क्षेत्र | लगानीको सीमा | लगानीको शर्त | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा नेपाल राष्ट्र बैंकको वचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त वचतपत्र वा ऋणपत्र | कुल लगानीको कम्तीमा पच्चीस प्रतिशतसम्म | - | यस खण्डमा उल्लेख भएको सीमा अनुरूप लगानी गर्न नसक्ने अवस्था आइपरेमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक वा पूर्वधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गर्नुपर्ने । |
| २. | नेपाल राष्ट्र बैंकवाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक तथा पूर्वाधार विकास बैंकको मुद्दति निक्षेप | कुल लगानीको कम्तीमा तीस प्रतिशत सम्म | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको बैंकमा कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म ।<br>तर, सञ्चालनमा आएको पाँच वर्ष नपुगेका बैंकमा कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म मात्र एउटै बैंकमा लगानी गर्न सकिने । | |
| ३. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा राखिएको मुद्दति निक्षेप | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ख" वर्गको बैंङ्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा पाँच | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिशतसम्म र सञ्चालनमा आएको पाँच वर्ष नपुगेका "ख" वर्गको बैंड्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय सँस्थामा लगानी गर्न सकिने । | |
| ४. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ग" वर्गको बैंक तथा वित्तीय सस्थामा राखिएको मुद्दती निक्षेप | कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ग" वर्गको बैंड्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म र सञ्चालनमा आएको पाँच वर्ष नपुगेका "ग" वर्गको बैंड्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा एक प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय सँस्थामा लगानी गर्न सकिने । | |
| ५. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गको बैंक तथा वित्तीय सँस्थाको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), बन्ड, डिबेन्चर र ऋणपत्र | कुल लगानीको बढीमा तीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ६. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको बन्ड, डिवेन्चर र ऋणपत्र | कुल लगानीको बढीमा बीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ७. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र | कुल लगानीको बढीमा दश | शेयर लगानी गरिने कम्पनीको चुक्ता पूँजीको पाँच प्रतिशत | |

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| | | | | |
|---|---|---|---|---|
| | प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर | प्रतिशत सम्म | भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ८. | नागरिक लगानी कोष तथा म्युचुअल फण्डका लगानी योजनाहरू | कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म | कुल लगानीको एक प्रतिशत भन्दा बढी रकम एउटै योजनामा लगानी गर्न नपाइने । | |
| ९. | घरजग्गा ब्यवसाय | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | • शहरी विकास र व्यवस्थित बसोबासलाई प्रोत्साहन गर्ने उद्देश्यले नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति प्राप्त निर्माणाधिन वा निर्माण हुने संयुक्त वा सामूहिक आवास योजनामा लगानी गर्नुपर्ने ।<br>• एउटै क्षतिले एक लगानी गरिएको बाहेक अर्कोलाई असर पार्ने वा एउटै इकाइको रुपमा मानिने गरी नजिकै रहेका (क्लोज प्रोक्सिमिटी) घरजग्गामा लगानीको दुई दशमलव पाँच प्रतिशत भन्दा बढी लगानी गर्न नपाईने | |
| १०. | कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा र स्वास्थ्य क्षेत्र | कुल लगानीको दश प्रतिशत सम्म | एउटै परियोजनामा कुल लगानी रकमको पाँच प्रतिशत भन्दा बढी लगानी गर्न नपाइने । | • दोस्रो बजारबाट खरीद गरेको पुँजी यस क्षेत्रमा गरिएको लगानीमा उल्लेख गर्न नपाइने।<br>• लगानी गरिने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने । |
| ११. | इन्भेष्टमेन्ट कम्पनीको शेयर | कुल लगानीको पाँच प्रतिशत सम्म | | • लगानी गरिने कम्पनी पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने । |

१.२ **लगानी गर्न नपाइने:** बीमकले निर्देशन नं. १.१ मा तोकिएको क्षेत्रभन्दा बाहेक हुने गरी लगानी गर्न पाइनेछैन ।

१.३ **सहायक कम्पनीमा लगानी:** बीमकले देहाय बमोजिमका क्षेत्रहरूमा सहायक कम्पनीमा लगानी गर्न सक्नेछः-

(क) धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त पब्लिक लिमिटेड कम्पनी

(ख) कृषि उत्पादन तथा वितरण,

(ग) शीत भण्डार गृह,

(घ) जलविद्युत, सौर्य उर्जा लगायत नवीकरणीय उर्जा परियोजना, विद्युत प्रसारण लाइन,

(ङ) शिक्षा र स्वास्थ्य,

(च) लगानी कम्पनी ।

१.४ **लगानीको मूल्याङ्कन:** घरजग्गा व्यवसायमा रहेको लगानीलाई कम्तीमा प्रत्येक तीन वर्षमा एकपटक मूल्याङ्कन गर्नुपर्नेछ ।

१.५ **लगानीको सीमा कायम गर्नुपर्ने:** (१) बीमकले यस निर्देशन अनुरूप कुल लगानीको आधारमा कायम गर्नुपर्ने लगानीको सीमा प्रत्येक दिन कायम गर्नुपर्नेछ ।

(२) कुनै कारणले मूल्य घटबढ भई वा प्रिएम्टिभ राइट वा गाभ्ने तथा गाभिने प्रक्रियाका कारणले सम्पतिको मूल्यले यस निर्देशनमा उल्लेख भएको न्यूनतम भन्दा कम र उच्चतम भन्दा बढी लगानी भएको देखिन आएमा त्यसरी सीमा नाघेको तीस कार्यदिन भित्र त्यस्तो लगानीलाई सीमाभित्र ल्याई सक्नु पर्नेछ ।

तर, मुद्दति निक्षेप वा डिबेन्चरमा गरिएको लगानी परिपक्व नभएसम्म सो रकम बराबरको लगानी यस निर्देशन बमोजिम भएको मानिनेछ ।

१.६ **लगानी गर्न सकिने बैंक वा वित्तीय संस्था:** बीमकले बैंक तथा वित्तीय सँस्थामा लगानी गर्दा कम्तीमा देहायको शर्त पालना गरेको हुनुपर्नेछ ।

(क) नेपाल राष्ट्र बैंकले तोकेको पूँजीकोष कायम गरेको,

(ख) नेपाल राष्ट्र बैंकले तोकेको सीमाभन्दा बढी निष्कृय कर्जा नरहेको,

(ग) नेपाल राष्ट्र बैंकबाट शीघ्र सुधारात्मक कारबाहीमा नपरेको ।

१.७ **लगानी नीति तयार गर्नुपर्ने:** बीमकले यस निर्देशनको अधिनमा रही लगानी नीति तयार गर्नुपर्नेछ र उक्त लगानी नीतिमा

कम्तीमा देहायका विषयहरू खुलाइएको हुनुपर्नेछः-

(क) बीमकको लगानीमा रहन सक्ने अन्तर्निहित जोखिम र सोको व्यवस्थापन,

(ख) सम्पत्ति दायित्व तथा तरलता व्यवस्थापन,

(ग) लगानी गर्ने सम्बन्धमा प्रक्रियागत व्यवस्था,

(घ) अख्तियार प्रत्यायोजन,

(ङ) लगानीसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणाली,

(च) लगानीका सम्बन्धमा सञ्चालक समिति तथा उच्च व्यवस्थापन सक्षम पेश गर्नुपर्ने प्रतिवेदन,

(छ) बीमकले आवश्यक ठानेका अन्य विषय ।

१.८ **लगानी गर्न नपाउने:** बीमकले यस निर्देशनमा उल्लेख भएको क्षेत्र तथा सीमा भन्दा बढी हुने गरी लगानी गर्न पाउने छैन ।

१.९ **लगानीको अवधिः** बीमकले लगानी गर्दा बीमा सम्बन्धी दायित्वको अवधिलाई ख्याल गरी लगानी गर्नुपर्नेछ ।

१.१० **स्वीकृति लिनु पर्नेः** बीमकले सहायक कम्पनी, घरजग्गा व्यवसाय, कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी गर्नु पूर्वप्राधिकरणको स्वीकृति लिनु पर्नेछ ।

१.११ **एअरमार्क गर्नुपर्नेः** बीमकले आफ्नो कोषमा रहेको रकमहरूमध्ये नेपाल राष्ट्र बैंकबाट इजाजत पत्रप्राप्त बैंक तथा वित्तीय संस्था र पूर्वाधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गरेको रकम प्राधिकरणको नाममा एअरमार्क गर्नुपर्नेछ ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY